# शे-फोक्सुण्डो गाउँपालिका
ཤེ་ཕོག་སུམ་མདོ་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལས་ཁང་།
# गाउँ कार्यपालिकाको कार्यालय
साल्दाङ, डोल्पा

कर्णाली प्रदेश, नेपाल

प.सं.२०८२।०८३

मितिः २०८२/११/२५
ने.सं.११४६ चिल्लागा षष्ठी सोमबार

**प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्ने सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना।**

प्रस्तुत विषयमा यस शे-फोक्सुण्डो गाउँपालिकाको १७ औं गाउँ सभाबाट आ.ब.२०८२/०८३ को स्विकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार तपसिल बमोजिमको परामर्श सेवा खरिद गर्नुपर्ने भएकोले उक्त खरिद कार्यमा सहभागी हुन इच्छुक भए संलग्न Request for Proposal (RFP) र कार्य विवरण Terms of Reference (ToR) बमोजिम आफ्नो संस्था/फर्म/कम्पनीको प्राविधिक तथा आर्थिक प्रस्ताव आजका मितिले १५ (पन्ध्र) दिन भित्र पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

| परामर्श सेवा खरिद नं. | कार्यको विवरण | कार्यको क्षेत्र | कार्यको संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| SPRM/DOP/RFP/QCBS/2082-083-02 | शे-फोक्सुण्डो गाउँपालिकाको डिजिटल प्रोफाइल निर्माण | शे-फोक्सुण्डो गा.पा. वडा नं.१ देखि ९ सम्म सबै। | पालिकाको ९ वटै वडाहरूको घरधुरी तथा संस्थागत सर्वेक्षण गरी वस्तुस्थिति विवरण संकलन गर्ने, प्रशोधन र वर्गीकरण गर्ने, सोको विदुतीय पोर्टल पालिकाको वेवसाइटमा आवद्ध गरी डिजिटल प्रकाशन गर्ने। |

**प्रस्तावदाताहरूलाई निर्देशनः**

१. परामर्शदाताले प्राविधिक र आर्थिक प्रस्ताव दुइ छुट्टा छुट्टै खाममा खामबन्दी गरी हुलाक मार्फत वा स्वयं उपस्थित भई वा कुनै व्यक्तिमार्फत शे-फोक्सुण्डो गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, साल्दाङ, डोल्पामा म्यादभित्र पेश गर्नुपर्ने छ।

२. प्रस्तावदाताले फर्म/कम्पनीको दर्ता प्रमाणपत्र, इजाजतपत्र, कर चुक्ता/कर विवरण बुझाएको प्रमाणपत्र, विशेषज्ञ अनुभव, जनशक्ति, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र अन्य आवश्यक कागजात साथै पेश गर्नुपर्नेछ।

सुमन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

"पर्यटन, जलस्रोत, पशुपालन र जडिबुटी शे-फोक्सुण्डोको आधार
दिर्घकालीन दृष्टिकोण, मानव विकास, गुणस्तरीय पूर्वाधार, गरिबी निवारण र रोजगार"

Ph: 9858390116 / Email: ito.shephoksundomun1@gmail.com / website: www.shephoksundomun.gov.np

Scanned with CamScanner

३. प्राप्त प्रस्तावहरुको छनोट गुणस्तर र लागत विधि (QCBS) अनुसार गरिने छ।

४. प्रस्तावित कार्य परामर्शदाताले सब-कन्ट्याक्टमा दिन सक्ने छैन।

५. प्रस्तावित खरिद कारबाहीसँग सम्बन्धित विषयमा परामर्शदातृ व्यक्ति/फर्मको कुनै स्वार्थ बाझिन हुने छैन।

६. परामर्शदाताले प्रस्ताव पेश गर्दा नेपाली वा अंग्रेजी जुनसुकै भाषामा पेश गर्न सक्नेछ।

७. प्रस्तावदाताले प्रस्ताव तयार गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट स्विकृति Standard Bid Document (एस.बि.डि.) को ढाँचामा संलग्न Request for Proposal (RFP) आधारमा तयार गर्नुपर्ने छ।

८. परामर्शदाताले उल्लेखित परामर्श कार्य आगामी २०८३ सालको असार २० गते भित्र सम्पन्न गरिसक्नुपर्नेछ।

९. प्रस्तावित खरिद कार्यका लागि प्रस्ताव पेश गर्नु पूर्व सो प्रस्तावसँग सम्बन्धित कुनै जानकारी लिनुपर्ने भए यस कार्यालयको सूचना प्रविधि अधिकृत साङपो लामा (फोन नं.९८४३५२३८४३) तथा अन्य आधिकारिक प्रतिनिधि वा आधिकारीक इमेल ठेगानामा लेखि पठाउन सकिनेछ।

१०. प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०८३/०१/०९ गते सोमबार साँझ ५:०० बजे सम्म रहनेछ।

सुमन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

सुमन ढकाल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner